नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं. 66

मितिः २०८३/०४/१३

श्री गाउँपालिका सबै ।

श्री नगरपालिका सबै ।

विषयः आवश्यक जानकारी सम्बन्धमा।

सहकारी रजिष्ट्रारको कार्यालयको प.सं.: २०८३/०८४, च.नं. १९८, मिति २०८३/०५/०५ को पत्र मार्फत सहकारी ऐन, २०७४ (संशोधन सहित) को दफा ५० को उपदफा ९ को व्यवस्था कार्यान्वयनका लागि बचत तथा ऋणको कारोबार गरिरहेका जिल्ला, प्रदेश र केन्द्रीयस्तरका सहकारी संघहरुलाई जारी गरिएको निर्देशन सम्बन्धी पत्रको छायाप्रति यसै पत्रसाथ संलग्न राखी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको वेहोरा आदेशानुसार अनुरोध छ ।

५/१६

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री सहकारी रजिष्ट्रारको कार्यालय, प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा, काठमाडौं ।

श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन ।

५६४
२०८३।०४।१८

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०८
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# सहकारी रजिष्ट्रारको कार्यालय

फोन नं. ४४६४३६५
Email: info@deoc.gov.np
Website:
नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८३/८४
चलानी नं. : 95

मिति: २०८३।०५/०५

विषयः- निर्देशन सम्बन्धमा।

**श्री राष्ट्रिय सहकारी महासंघ,**
**श्री केन्द्रीयस्तरका सवै सहकारी संघहरु,**
**श्री सबै प्रदेश सहकारी संघहरु,**
**श्री सबै जिल्ला सहकारी संघहरु।**

सहकारी ऐन, २०७४ (संशोधन सहित) को दफा ५० को उपदफा (९) को व्यवस्था कार्यान्वयनका लागि बचत तथा ऋणको कारोबार गरिरहेका जिल्ला, प्रदेश र केन्द्रीयस्तरका सहकारी संघहरूलाई देहाय बमोजिमका निर्देशन जारी गरिएको व्यहोरा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/०५/०४ को निर्णयानुसार अनुरोध छ।

देहायः

१. वित्तीय जोखिम सिर्जना हुने गरी सहकारी संघहरूले कुनै पनि नयाँ बचत संकलन र नयाँ ऋण प्रवाह नगर्ने,
२. संघहरूमा हाल रहेको बचत तथा प्रवाह भएको ऋणमा जोखिम उत्पन्न नहुने गरी तीन वर्षभित्र हिसाब राफसाफ गर्नेगरी आफ्ना सदस्य संस्थाहरूको बचत फिर्ता तथा ऋण असुलीको स्पष्ट तालिका तयार गरी सार्वजनिक गर्ने र सोको विवरण सम्बन्धित नियामक निकायमा दिने,
३. चालु आ.व.को पौष मसान्तभित्र अनिवार्य रुपमा सम्पत्ति र दायित्व यकिन हुने गरी लेखापरीक्षण र साधारण सभा सम्पन्न गरी चालु आ.व. भित्र सहकारी बैंक गठन वा एकीकरणमध्ये कुन विकल्प चयन गर्ने हो, सो सम्बन्धी स्पष्ट रणनीतिक कार्ययोजना बनाई सञ्चालक समितिको निर्णय र साधारण सभाको स्वीकृतिसहित सहकारी रजिस्ट्रारको कार्यालय तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा पेश गर्ने,
४. सहकारी बैंक गठन वा एकीकरणमा जाने संघहरूले सहकारी ऐन, नियम, निर्देशिका तथा नेपाल राष्ट्र बैंक तथा प्राधिकरणले तोकेको मापदण्ड र प्रक्रिया पूरा गरी प्रारम्भिक आपसी सम्झौता (MOU) तथा विस्तृत प्रतिवेदन तयार गरी सहकारी रजिस्ट्रारको कार्यालय तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा पेश गर्ने,
५. बुँदा नं. ४ बमोजिमको कार्यको लागि बचत तथा ऋणको कारोबार गरिरहेका सहकारी संघहरूले मातहत संघहरूलाई समन्वय र सहजिकरण गर्ने। यसका लागि सम्बन्धित केन्द्रीय संघहरूले प्रदेश संघहरूलाई, प्रदेश संघहरूले जिल्ला सहकारी संघहरूलाई र फरक विषयगत सहकारी संघहरू भएमा राष्ट्रिय सहकारी महासंघले समन्वय र सहजीकरण गर्ने,
६. कानुनी व्यवस्था बमोजिम प्रक्रियाको नियमित अनुगमन राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट हुने हुँदा प्राधिकरणले माग गरेका सम्पूर्ण वित्तीय विवरण, प्रतिवेदन तथा विवरणहरू समयमै उपलब्ध गराउने,
७. सबै सहकारी संघहरूले सहकारीका मूल्य मान्यता र सिद्धान्तहरूको पालना, सहकारी व्यवसायको विकास, प्रवर्धन, बजारीकरण, सहकारी शिक्षा, तालिम, सहकारीहरूबीच पारस्परिक सहयोग, आफ्ना सदस्य संस्थाको अनुगमन र नीतिगत पैरवीमा केन्द्रित गरी सहकारी क्षेत्रमा सुशासन कायम गराउन सहयोग पुर्‍याउने।

२०८३/५/५

(बाबुराम गौतम)
रजिष्ट्रार

प.व. ६८४
२०९५

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
द.नं. ८५४
मि. २।१५

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# सहकारी रजिष्ट्रारको कार्यालय
(प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा)

पत्र संख्याः ०८३।०८४
चलानी नः २२४

नयाँ बानेश्वर, काठमाडौं
बागमती प्रदेश, नेपाल

मितिः २०८३।०५।०८
ने.सं. ११४६

विषयः- अपलोड गरिदिने सम्बन्धमा।

**श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं।**

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको मिति २०८३/०५/०४ को निर्णयानुसार सहकारी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/०५ मा सहकारी ऐन, २०७४ (संशोधन सहित) को दफा ५० को उपदफा (९) को व्यवस्था कार्यान्वयनका लागि बचत तथा ऋणको कारोबार गरिरहेका जिल्ला, प्रदेश र केन्द्रीयस्तरका सहकारी संघहरूलाई जारी गरिएको निर्देशन स्थानीय तहहरुको जानकारीका लागि समेत तहाँ मन्त्रालयको वेबसाईटमा अपलोड गरिदिने व्यवस्थाका लागि आदेशानुसार सादर अनुरोध छ। उक्त निर्देशनको छाँयाप्रति पाना एक यसै पत्रसाथ संलग्न छ।

(टोपलाल अर्याल)
शाखा अधिकृत

- [ ] कर्मचारी प्रशासन महाशाखा
- [ ] भूमि व्यवस्थापन महाशाखा
- [ ] सङ्घीय मामिला महाशाखा
- [x] योजना तथा अनुगमन महाशाखा
- [ ] प्रशासन सुधार महाशाखा
- [ ] कानून महाशाखा

२।१५

योजना तथा अनुगमन महाशाखा
दर्ता नं.: १२६
मितिः २।१६

श्री स्थानीय तह समन्वय शाखा,
त्यहाँसँग सम्बन्धित देखिएकोले प्रेषित।
२।१५